# व्यावसायिक प्रयोजनका मालवस्तुहरुको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५ (दोश्रो संशोधन, २०७६)

व्यावसायिक प्रयोजनका मालवस्तुहरुको आन्तरिक ओसारपसारमा हुनसक्ने राजस्व चुहावटलाई नियन्त्रण गरी व्यापार सहजीकरण गर्ने उद्देश्यले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ बमोजिम यो निर्देशिका बनाई लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस निर्देशिकाको नाम "व्यावसायिक प्रयोजनका माल वस्तुहरुको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५ (दोश्रो संशोधन, २०७६)" हुनेछ ।

१.२ यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनु पर्दछ ।

ख) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग र कार्यालय भन्नाले ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयहरु समेतलाई सम्झनुपर्दछ ।

ग) "कारोबारस्थल" भन्नाले करदाताको मुख्य कारोबारस्थल, गोदाम वा शाखा समेतलाई बुझाउँछ ।

घ) "आन्तरिक ओसारपसार" भन्नाले ऐन बमोजिम मूल्य अभिवृद्धि कर लाग्ने तथा ऐनको अनुसूची-१ बमोजिम कर छुट हुने वस्तुहरुको देहाय बमोजिम स्थानान्तरणलाई सम्झनुपर्दछः

१. पैठारीकर्ताको हकमा भन्सार बिन्दुबाट कारोबारस्थलसम्म वा कारोबारस्थलबाट वितरक वा थोक बिक्रेता वा खुद्रा बिक्रेताको कारोबारस्थलसम्म मालवस्तु पठाउने कार्य,

२. उद्योगको हकमा वितरक वा थोक बिक्रेता वा खुद्रा बिक्रेताको कारोबारस्थलसम्म मालवस्तु पठाउने कार्य,

३. करदाताको एक कारोबारस्थलबाट अन्य कारोबारस्थलसम्म मौज्दात स्थानान्तरण गर्ने कार्य,

४. थोक बिक्रेताले आफ्नो वस्तु बिक्री गर्ने प्रयोजनको लागि खुद्रा तहमा पुऱ्याउँदा गरिने ओसारपसार सम्बन्धी कार्य वा मेला, प्रदर्शनीस्थलमा आफ्नो वस्तु बिक्री गर्ने प्रयोजनको लागि गरिने ओसारपसार सम्बन्धी कार्य,

५. निकासीकर्ताले उत्पादनस्थल वा कारोबारस्थलबाट मालवस्तु निकासी गर्ने भन्सार बिन्दुसम्म मालवस्तु पठाउने कार्य,

६. कुनै वस्तु वा सेवाको मर्मतसम्भार, उत्पादन र निर्माण प्रयोजनको लागि सोसम्बन्धी कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ मेटेरियल तथा उपकरणहरु ओसारपसार सम्बन्धी कार्य ।

ङ.) "पैठारीकर्ता" भन्नाले विदेशी मुलुकबाट नेपालभित्र मालवस्तु ल्याउने काम गर्ने व्यक्ति, संस्था, फर्म वा कम्पनी सम्झनु पर्दछ ।

च) "सार्वजनिक ढुवानीकर्ता" भन्नाले ढुवानी व्यवसायी वा मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी साधनको धनी सम्झनु पर्दछ ।

छ) मालवस्तु तथा ढुवानी साधन अनुगमन प्रणाली (Vehicle and Consignment Tracking System)"VCTS" भन्नाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १३ग. बमोजिम राजस्व अनुसन्धान विभागबाट तयार गरिएको मालसामान ढुवानी सम्बन्धी विद्युतीय माध्यम वा Web मा आधारित केन्द्रीय सूचना प्रणाली जनाउँनेछ ।

ज) "क्यू आर कोड अंकित मेनिफेष्ट" भन्नाले मालवस्तु ढुवानी गर्नु पूर्व राजस्व अनुसन्धान विभागले तयार गरेको वेबमा आधारित सफ्टवेयर VCTS मा ढुवानी गर्नु पूर्व र त्यसको विवरण प्रविष्टी गरी मालबाहक साधन हिड्नु पूर्व उक्त प्रणालीबाट सिर्जना हुने क्यू आर कोड अंकित ढुवानी घोषणा पत्रलाई जनाउँछ ।

## ३. मालवस्तु ओसारपसार गर्दा साथमा राख्नु पर्ने कागजातहरुः

एक स्थानबाट अर्को स्थानमा व्यावसायिक प्रयोजनका मालवस्तु आन्तरिक ओसारपसार गर्नुपर्दा मालवस्तु निकासी/पैठारीको हकमा पैठारी गर्दा जाँचपास पश्चात मालवस्तु धनी वा भन्सार एजेण्टले र निकासी गर्दा उत्पादनस्थल वा कारोबारस्थलबाट मालवस्तु स्थानान्तरण हुनु पूर्व मालवस्तु धनीले, उद्योग, वितरक वा थोक बिक्रेताको हकमा मालवस्तुको बिक्रेता र ढुवानी व्यवसायीको हकमा ढुवानी व्यवसायीले राजस्व अनुसन्धान विभागको Web based Software VCTS मा प्रज्ञापनपत्र, कर बीजक, बीजक, चलान, डेबिट/क्रेडिट नोट र निकासीकर्ताको हकमा बिक्री बीजक समेत प्रविष्टी गरेर त्यसबाट सिर्जना हुने क्यू आर कोड सहितको मेनिफेष्ट र प्रज्ञापनपत्र, कर बीजक, बीजक, डेबिट/क्रेडिट नोट तथा अनुसूची ३-बमोजिमको चलान साथमा लिएर मात्र ओसारपसार गर्नुपर्नेछ।

## ४. मौज्दात स्थानान्तरण खाता प्रमाणित सम्बन्धी व्यवस्थाः

व्यावसायिक प्रयोजनका मालवस्तु चलानबाट ओसारपसार गर्दा अनुसूची-१ र अनुसूची-२ बमोजिमको खाता सम्बन्धित आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ ।

## ५. चलानको प्रयोग सम्बन्धी व्यवस्थाः

परिभाषाको खण्ड (घ) को उपखण्ड (३) आकर्षित हुने करदाताले आफ्नो कारोबारस्थलबाट अर्को कारोबारस्थलमा मौज्दात स्थानान्तरण पूर्व मौज्दात स्थानान्तरण खाता र राजस्व अनुसन्धान विभागको विद्युतीय माध्यममा रहेको ओसारपसार सम्बन्धी VCTS प्रणालीमा समेत प्रविष्टी गरी सो प्रणालीबाट सिर्जना हुने क्यू आर कोड र अनुसूची-३ बमोजिमको ढाँचाको चलान साथमा राख्नुपर्नेछ ।

खण्ड (४) आकर्षित हुने बिक्रेताले खुद्रास्तरको घुम्ती बिक्री (Mobile Sales) गर्दा अनुसूची-३ बमोजिमको चलान प्रयोग गरी सो चलान अनुसूची-२ बमोजिमको मौज्दात स्थानान्तरण खातामा प्रविष्टी गरी एकप्रति मालबाहक सवारी साधनसाथ लिएर जानुपर्नेछ । त्यसरी बिक्री गरी फर्केपछि अनुसूची-२ को मौज्दात स्थानान्तरण खातामा समेत प्रविष्टी गर्नुपर्नेछ । बिक्री गरिसकेपछि घुम्ती बिक्रीबाट जारी भएका बीजकहरु समेत VCTS मा प्रविष्टी गर्नुपर्नेछ ।

## ६. भन्सार बिन्दुबाट माल जाँचपास गराई कारोबारस्थलसम्म मालधनीले गर्ने ढुवानीसम्बन्धी व्यवस्थाः

भन्सार बिन्दुबाट मालवस्तु जाँचपास गराई कारोबारस्थलसम्म मालधनीले वा भन्सार एजेन्टले राजस्व अनुसन्धान विभागको वेबमा आधारित केन्द्रीय सूचना प्रणालीमा VCTS मा प्रविष्टी गरी सोको निस्साको रूपमा क्यू आर कोड अंकित मेनिफेष्ट र सक्कल प्रज्ञापनपत्र साथमा राखी ढुवानी गर्नुपर्नेछ ।

## ७. ढुवानी घोषणापत्र सम्बन्धी व्यवस्थाः

(क) मालसामानको आन्तरिक ओसारपसार गर्दा सार्वजनिक ढुवानीकर्ताले राजस्व अनुसन्धान विभागको मालसामान ढुवानी सम्बन्धी विद्युतीय माध्यम वा वेबमा आधारित Vehicle and Consignment Tracking System बमोजिमको क्यू आर कोड अंकित मेनिफेष्टको एकप्रति ढुवानी साधनसँगै लिएर राख्नुपर्नेछ ।

(ख) खण्ड (क) मा भएको व्यवस्थाको अतिरिक्त सार्वजनिक ढुवानीकर्ताले क्यू आर कोड अंकित मेनिफेष्टसँग सक्कल बील बीजक तथा प्रज्ञापनपत्र साथमा लिएर ओसारपसार गर्नुपर्नेछ । यो व्यवस्था मालधनीका लागि समेत लागू हुनेछ ।

## ८. जानकारी दिनुपर्नेः

आन्तरिक ओसारपसार गर्दा बाटोमा ढुवानीको साधन बिग्रिएर वा दुर्घटनामा परी ढुवानी साधन परिवर्तन वा कुनै कारणले सवारी चालक परिवर्तन गरी ओसारपसार गर्नुपर्ने भएमा राजस्व अनुसन्धान विभागले तयार गरी प्रयोगमा ल्याएको Vehicle and Consignment Tracking System मा प्रवेश गरी Online Notification पठाई ढुवानी गर्नुपर्नेछ ।

## ९. दण्ड सजायः

यस निर्देशिका बमोजिम भए गरेको नपाइएमा ऐन बमोजिम जरिबाना हुनेछ ।

## १०. व्याख्याः

यस निर्देशिकाको व्याख्या गर्ने अधिकार आन्तरिक राजस्व विभागका महानिर्देशकलाई हुनेछ ।

अनुसूची-१

# मौज्दात स्थानान्तरण पुस्तिका

(निर्देशिकाको दफा २(घ) को प्रयोजनार्थ)

करदाताको नामः

करदाताको ठेगानाः

स्थायी लेखा नं.

महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका

ब्लकः

वडा नं.

टेलिफोन नं.

| चलान नं. | चलान मिति | मालवस्तुको विवरण | इकाई | परिमाण | मूल्य | प्राप्त गर्ने शाखा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-२

## खुद्रा बिक्रेता वा उपभोक्ताहरुलाई बिक्री गर्ने करदाताले प्रयोग गर्ने मौज्दात स्थानान्तरण पुस्तिका

(निर्देशिकाको दफा २(घ) र ४ को प्रयोजनार्थ)

करदाताको नामः

करदाताको ठेगानाः

स्थायी लेखा नम्बरः

| चलान नं. | चलान मिति | मालवस्तुको विवरण | चलानमा लिई गएको मालको परिमाण | सवारी साधन नं. | आधिकारिक दस्तखत | फिर्ता परिमाण | कर बीजक/संक्षिप्त कर बीजकको सि.नं. | रिटेलिङ. गरिएको क्षेत्र | आधिकारिक दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-३

## मौज्दात स्थानान्तरण गर्दा प्रयोग हुने चलान

(निर्देशिकाको दफा २(घ) र ३ को प्रयोजनार्थ)

चलान नं.

करदाताको नामः
करदाताको ठेगानाः
स्थायी लेखा नम्बरः
महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ब्लकः

वडा नं.
जारी मितिः टेलिफोन नं.

प्राप्त गर्ने शाखा/गोदाम
तथा कारखानास्थलको ठेगानाः
महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ब्लकः
प्रयोग भएको सवारी साधान किसिमः टेलिफोन नं.

प्रयोग भएको सवारी साधन नं.

| सि.नं. | सामानको विवरण | इकाई | परिमाण | प्रति इकाई मूल्य | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आधिकारिक दस्तखतः
नामः